माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

# मिति २०८० कार्तिक २२ गतेको २२ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ को दफा ३ पछि देहायको दफा ४ थप गर्ने

दफा ४): दफा ३ को उपदफा १,२ र ३ मा जे सुकै कुरा लेखिएको भएतापनि दफा ३ को उपदफा २ र ३ बमोजिम नविकरण नभएका इजाजत पत्र नविकरण गर्न चाहेमा २०८० पौष मसान्त भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न सकिनेछ। सो वापत आर्थिक ऐनमा तोकिएको नविकरण दस्तुर बाहेक प्रत्येक वर्षको रु १०,००० का दरले थप दस्तुर लिइ एक पटकको लागि त्यस्ता इजाजतपत्र नविकरण गर्न सकिनेछ ।

३) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ को अनुसूची २ मा इजाजतपत्र नविकरण थप दस्तुर रु ५००० । कायम गर्ने र त्यसरी नविकरण गर्दा नविकरण दस्तुर सँगै थप दस्तुर लिएर मात्र नविकरण गर्ने ।

४) यस आ व को जिल्ला दररेटमा नपरेको सडक वत्ति जडानका लागि निम्नानुसारको दररेट स्विकृत गर्ने ।

**Project:** **Electrical Goods Item** (F/Y 080-081)

**Site:** **Madi Municipality** **without vat and transportation**

| **dfS.N.** | **Description of Work** | Quantity | Unit | **Average Rate** |
|---|---|---|---|---|
| | | | | **Rate, Rs** |
| 1 | 50 watt Led Halogen Light | 1.00 | Nos | **3720.00** |
| 2 | 100 watt Led Halogen Light | 1.00 | Nos | **5320.00** |
| 3 | Holder Chatri | 1.00 | Nos | **223.00** |
| 4 | Fitting Charge | 1.00 | Pole | **410.00** |

५) माडी नगरपालिका सयपत्री, मखमली लगायतका अन्य फूलहरुको लागि आत्मनिर्भर भएको हुँदा भाइटिका लगायतका अन्य सवै चाडपर्व र उत्सव तथा मेला महोत्सवहरुमा प्लाष्टिकका फूल हरु प्रयोग नगर्न तथा नगराउन सम्पूर्ण माडीवासिहरु तथा विकेता तथा सरोवालाहरुलाई हार्दिक अनुरोध गर्ने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।८।२२

CamScanner

६) माडी नगरपालिकाको नगर प्रमुख ताराकुमारी काजी महतोको आमा चुलियादेवी महतोको मिति २०८० कार्तिक १२ गते असामयीक निधन भएको हुँदा मृतक आमाप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने ।

७) जाजरकोट जिल्ला केन्द्रबिन्दु भइ मिति २०८० कार्तिक १७ गते राती गएको भुकम्पवाट मृत्यू हुने नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

८) नजिकिँदै गरेको शुभ दिपावली तथा तिहार र छठ पर्वको शुभकामना आदानप्रदान गरियो ।

९) राष्ट्रिय निकुञ्जद्धारा बस्तीमा जंगली जनावरको प्रवेशमा रोक लगाउनको लागि लगाइएका फेन्सिङ्ग तारहरुमा प्रवाह हुने विद्युत करेन्ट लागि अकालमा ज्यान गुमाउनेको संख्या बढ्दै गइरहेको हुँदा त्यसरी मृत्यु हुने व्यक्तिको परिवारलाई पनि जंगली जनावरको कारणवाट मुत्यु हुनेलाई दिए सरहको क्षतिपूर्ति प्रदान गर्ने व्यवस्थाको लागि राष्ट्रिय निकुञ्ज लगायतका निकायहरुमा अनुरोध गर्ने ।

१०) गत महिना सोलार फेन्सिङ्गको करेण्टबाट यस नगरपालिका वढा नं ९का श्री शिवहरी सुवेदीको छोरा विकल्प सुवेदिको मृत्यु भएको हुँदा यस नगरपालिकाको विपद व्यवस्थापन कार्यविधि बमोजिम क्रियाखर्च वापत रु २५०००। मात्र विपद व्यवस्थापन कोषवाट भुक्तानी गर्ने ।

११) तिहार विषेश सांस्कृतिक कार्यक्रम गर्नका लागि माडी कला केन्द्र वसन्तपुर लाई रु. ५०,००० तथा एकादशी मेला व्यवस्थापनका लागि छरछरे शिवमन्दिर धार्मिक सेवा समितिलाई रु.५०००० जितिया लगायतका मेला महोत्सव शिर्षकवाट खर्च लेखि भुक्तानी दिने ।

१२) जिल्ला प्रशासन कार्यालय चितवनद्धारा मिति २०८० कार्तिक १९ गते प्रकाशित सूचना बमोजिम दिपावली लगायतका चाडपर्व मनाउँदा कुनै पनि पटका लगायतका विष्फोटक पदार्थको प्रयोग नगर्न नगराउन, बेलुकी नौ बजे पछि देउसी भैलो कार्यक्रम नगर्न तथा जुवाजन्य क्रियाकलाप नगर्न नगराउन सम्पूर्ण माडीवासी दाजुभाई दिदिबैनीहरुमा अनुरोध गर्ने ।

१३) वोक्सि प्रथा जस्तो कुरुती विरुद्धको जनचेतना जगाउन नाटक मञ्चन गर्न सहयोग गर्ने **मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल** लाई रु ३०००० आर्थिक सहयोग शिर्षकवाट भुक्तानी गर्ने

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।७।२२

प्रमुख प्रशासकीय अधिकृत

CamScanner